9990/622

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३३९/२०७२/०७३

निर्णय नं. ७२२

जिल्ला पर्वत पाङराङ गा.वि.स. ७ बस्ने राम बहादुर क्षेत्री.................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, कुश्मा, पर्वत .................................१ विपक्षी
सूचना अधिकारी, कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, कुश्मा, पर्वत ................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्नु ।

जिल्ला पर्वत पाङराङ गा.वि.स. ७ बस्ने राम बहादुर क्षेत्रीले कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, कुश्मा, पर्वत समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७२।०६।११ मा पुनरावेदन गरेको । यस सम्वन्धमा आयोगको मिति २०७२।०७।२९, च.नं. २३१ को पत्रद्वारा कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, कुश्मा, पर्वतलाई खुलाइ पठाइ दिन लेखी गएको । तत् पश्चात उक्त कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय, कुश्मा, पर्वतको मिति २०७२।०८।२२, च.नं.२२० को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई जानकारी गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्